कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४६।०८२
दर्ता मिति: २०८२।०६।१५

# प्रदेशबाट सञ्चालन हुने कार्यक्रम /आयोजना अन्तर्गत स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र /मिलन केन्द्र स्थापना तथा सञ्चालनका लागि अनुदान सहयोग सम्वन्धी कार्यविधि, २०८३

प्रस्तावना: नेपालको संविधान र ज्येष्ठ नागरिक सम्वन्धी ऐन,२०६३ को व्यवस्था अनुरुप ज्येष्ठ नागरिकलाई दिउँसोको समयमा हेरचाह गर्नको लागि दिवा सेवा केन्द्र/मिलन केन्द्रको अवधारणालाई आत्मसात गरी प्रदेशबाट सञ्चालन हुने कार्यक्रम /आयोजना अन्तर्गत स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र /मिलन केन्द्र स्थापना तथा सञ्चालनका लागि अनुदान सहयोग सम्वन्धी कार्यक्रम सञ्चालन गर्न बाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ६५ उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजना अन्तर्गत स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र /मिलन केन्द्र स्थापना तथा सञ्चालनका लागि अनुदान सहयोग सम्वन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले ज्येष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ लाई सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले ज्येष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ लाई सम्झनुपर्छ।

(ग) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

(घ) "दिवा सेवा केन्द्र" भन्नाले ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि ऐन बमोजिम स्थापना तथा सञ्चालन भएको घर,आश्रम वा यस्तै प्रकृतिको अन्य संरचना सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(च) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय/ज्येष्ठ नागरिक सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

सचिव

३. <u>उद्देश्यहरु:</u> वार्षिक बजेटमा विनियोजन भएको सर्शत अनुदान अन्तर्गत दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालनका देहाय बमोजिम उद्देश्यहरु रहेका छन्-

(क) ज्येष्ठ नागरिकहरुका लागि दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालन गर्नु,

(ख) ज्येष्ठ नागरिकको जीवन स्वस्थ्य, सुरक्षित, मर्यादित, सम्मानजनक बनाउने कार्यक्रम सञ्चालन गर्नु,

(ग) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्तामा हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गर्नु,

(घ) घरमा एक्लोपनको महसूस गरिरहेका वा हेरचाहको आवश्यकता भएका ज्येष्ठ नागरिकहरुलाई सामाजिक घुलमिल, मनोरञ्जन र स्वास्थ्य सेवाको पहुँच पुर्याउनु,

(ङ) ज्येष्ठ नागरिकले आफूसँग भएको सीपको उपयोग गरी कुनै सामानको उत्पादन/निर्माण /बिक्री वितरण गर्न चाहेमा त्यसको लागि उत्पादन/निर्माण, बिक्रि वितरणको व्यवस्था मिलाउनु।

४. <u>कार्यक्रम सञ्चालनका पूर्वशर्त:</u> कार्यक्रम सञ्चालन गर्दा देहायका पूर्वशर्त बमोजिम गर्नुपर्नेछ-

(क) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालनको लागि ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ र ज्येष्ठ नागरिक सम्बन्धी नियमावली,२०६५ बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,

(ख) प्रदेश मन्त्रालयले ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालन गर्दा आवश्यक न्यूनतम मापदण्ड तथा सूविधा निर्धारण गरी सञ्चालनको न्यूनतम मापदण्ड पुरा गर्नुपर्ने,

(ग) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालन गर्दा प्रचलित कानून बमोजिम दर्ता भई ज्येष्ठ नागरिक मैत्री संरचना निर्माण गर्नुपर्ने। यस्तो संरचनामा शौचालय, भर्याङ्ग, र्याम्प लगायतका आवतजावत गर्ने स्थानमा समाउने रेलिङ्गको व्यवस्था मिलाउने, साथै शौचालय र स्नान गृहमा ह्वीलचियर घुम्ने संरचनाको व्यवस्था गर्नुपर्ने,

(घ) प्रदेश मन्त्रालयले ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्रलाई कम्तिमा हप्ताको ५ दिन खुल्ला रहने व्यवस्था गर्नुका साथै भौतिक संरचना भएको स्थानमा प्रचलित कानून बमोजिम दीर्घकालीन रुपमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्न सक्ने व्यवस्था गर्ने,

(ङ) नेपाल सरकारबाट प्रदेश मन्त्रालयमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालन गर्ने उद्धेश्यका लागि अनुदान उपलब्ध गराईएको हुँदा सोही बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,



नेपाल सरकार

सचिव

(च) दिवासेवा केन्द्र/मिलन केन्द्र द्धारा सञ्चालित हुने कुनै पनि कार्यक्रममा ज्येष्ठ नागरिकको ईच्छा विपरित सहभागी नगराउने,

(छ) कार्यक्रम सञ्चालनका क्रममा कुनै समस्या तथा अप्ठेरो परिस्थिति आईपरेमा सम्वन्धित निकायमा सम्पर्क र समन्वय गरी समस्याको समाधान गर्नुपर्ने,

(ज) ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारका लागि कम्तीमा महिनाको एक पटक सरकारी अस्पताल/निजी अस्पताल समेतका चिकित्सकवाट स्वास्थ्य परीक्षण,औषधी लगायत स्वास्थ्य संग सम्वन्धित सामग्री उपलब्ध गराउन सहयोग गर्नुका साथै ज्येष्ठ नागरिकलाई आवश्यकता अनुसार (१/२) पटक स्वास्थ्य लगायत अन्य परामर्श (Counselling ) गर्ने,

(झ) ज्येष्ठ नागरिकले आफूसँग भएको सीपको उपयोग गरी कुनै सामानको उत्पादन/निर्माण/बिक्री वितरण गर्न चाहेमा त्यसको लागि उत्पादन/निर्माण,पुस्तक प्रकाशन विक्री वितरणको व्यवस्थाका लागि बिक्री कक्ष उपलब्ध गराई सहजीकरण गर्ने,

(ञ) ज्येष्ठ नागरिकको जीवन सुरक्षित, मर्यादित र सम्मानजनक बनाउनका लागि उनीहरुमा रहेको ज्ञान,सीप र अनुभवलाई सदुपयोग गर्दै अन्तरपुस्ता दुरी (Generation gap) लाई कम गर्ने।

५.कार्यक्रमसंग सम्वन्धित क्रियाकलापहरुः

(क) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र मा दिउँसोको समयमा ज्येष्ठ नागरिकहरुलाई भेटघाट गर्ने अवसर जुटाईदिनुका साथै उनीहरुमा हुन सक्ने नैराश्यता तथा एक्लोपनको समस्यालाई अन्त्य गर्ने किसिमका कार्यक्रम सञ्चालन गरी जीवन सहज, सरल र रमाईलो बनाउन सहयोग गर्ने,

(ख) दिवा सेवा केन्द्र/ मिलन केन्द्रमा बस्ने व्यवस्थाका लागि चकटी, कुर्सी, कार्पेट, मुढा, गुन्द्री, सुकुल लगायतको आवश्यक सामाग्री व्यवस्था गर्ने,

(ग) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/ मिलन केन्द्रमा दिउँसोको समयमा स्वच्छ खाजा र स्वच्छ तातो, चिसो पिउनेपानीको व्यवस्था मिलाउने,

(घ) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/ मिलन केन्द्र मा सेवा लिने ज्येष्ठ नागरिकहरुलाई उनीहरुको ईच्छा बमोजिम कम्तीमा तीन महिनाको एक पटक धार्मिक, सार्वजनिक स्थल, पार्क, वन भोज तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी गराउने,

(ङ) ज्येष्ठ नागरिकहरुको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक औषधीको व्यवस्था गर्नुपर्नेछ,



Bishnu
सचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(च) ज्येष्ठ नागरिकमा देखिने शारीरिक तथा मानसिक स्वास्थ्य समस्याको पहिचान, परामर्श तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै परिवार तथा समाजको पुस्तावीचको अन्तर (Generation Gap) न्यूनीकरण गर्ने,

(छ) ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्तामाझ हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन/अन्तर्क्रियात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र सोको अभिलेख राख्नुपर्नेछ,

(ज) उद्यमशीलता प्रवर्द्धनका लागि सक्रिय बुढ्यौलीको उपयोग गर्ने वातावरणको सिर्जना गर्नुपर्नेछ,

(झ) देहायका विषयमा पालिकाले समन्वय गर्नेः

- मनोसामाजिक परामर्श (Psychiatric, Counselling)
- बिर्सने रोगहरु, मानसिक रोगहरु, घातक रोगहरु पत्ता लागेमा उपचारको व्यवस्था गर्ने
- निःशुल्क स्वास्थ्य बिमाका लागि आवश्यक व्यवस्था गर्ने
- अन्तर पुस्ता बीचको दुरी हटाउन ज्ञान आदान प्रदान अन्य क्रियाकलापहरु गर्ने

६. <u>खर्च र लेखापरीक्षण</u>ः (क) सार्वजनिक खर्चलाई मितव्ययिता तथा प्रभावकारी बनाउन प्रदेश मन्त्रालयले प्रचलित कानुन बमोजिम खर्च लेखाङ्कन गर्ने र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

(ख) प्रदेश मन्त्रालयमा वित्तिय हस्तान्तरण भएको सशर्त अनुदान रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन गएमा संघीय संचित कोषमा फिर्ता गर्नु पर्नेछ।

७. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्थाः (१ संघीय मन्त्रालय, प्रदेश मन्त्रालय वा अन्तर्गतको ज्येष्ठ नागरिक सम्बन्धी विषय हेर्ने प्रदेशको महाशाखा/शाखाले प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजना अर्न्तगत स्थानीय तहमा स्थापना तथा सञ्चालन भएका ज्येष्ठ नागरिक दिवासेवा केन्द्र/मिलन केन्द्रको अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) सम्बन्धित प्रदेश मन्त्रालयले मूल्याङ्कनबाट प्राप्त सुझावलाई दफा ८ बमोजिमको प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्नेछ।

सचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

८. <u>प्रतिवेदनः</u> प्रदेश मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र अनुसूची बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको इमेल ठेगाना seniorcitizen.mowcgss@gmail.com मा पठाउनुपर्नेछ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

सचिव

# अनुसूची

## (दफा ८ सँग सम्बन्धित)

## प्रतिवेदनको विस्तृत ढाँचा

१.प्रारम्भिक खण्ड

- प्रदेश मन्त्रालयको विवरणः (प्रदेशको नाम/ स्थानीय तहको नाम/ ठेगाना, आर्थिक वर्ष, प्रतिवेदन अवधि)
- साझेदार निकायको विवरणः (यदि स्थानीय तह तथा ज्येष्ठ नागरिकसंग सम्बन्धित संस्थासँग साझेदारीका लागि सहकार्य गरिएको छ भने)

- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको विवरणः-
- नामः-
- ठेगानाः-
- दर्ता नं./दर्ता मितिः-
- संचालकको नाम,थर/ठेगाना/ सर्म्पक नः-

२. परिचय तथा पृष्ठभूमि

३. वित्तीय तथा लागत साझेदारी भएमा सो को विवरण

| क्र.सं. | बजेट स्रोत/निकाय | स्वीकृत बजेट (रु.) | वास्तविक खर्च (रु.) | प्रगति (%) | |
|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक |
| १ | सशर्त अनुदान (मन्त्रालय) | | | | |
| २ | प्रदेश मन्त्रालयको लागत साझेदारी | | | | |
| ३ | स्थानीय तहको लागत साझेदारी | | | | |
| ४ | साझेदार संस्थाको लागत साझेदारी | | | | |
| जम्मा | | | | | |

४. कार्यक्रगत भौतिक तथा वित्तीय प्रगति

(क) सञ्चालित क्रियापलापको विवरण तथा लाभान्वित संख्याः

१.



सचिव

नेपाल सरकार
सिंहदरबार काठमाडौं

२.
३.
(ख) मुख्य उपलब्धिः

१.

२.

३.

४.

**(ग) ज्येष्ठ नागरिक दिवासेवा केन्द्रमा लाभान्वित ज्येष्ठ नागरिकको विवरण**

| क.सं. | नाम/ठेगाना | लिङ्ग र उमेर | सेवाग्राही ज्येष्ठ नागरिकको संख्या | सेवा लिएको कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

- सेवा लिएका कूल ज्येष्ठ नागरिक महिला संख्याः-
- सेवा लिएका कूल ज्येष्ठ नागरिक पुरुष संख्याः-
- सेवा लिएका अन्य ज्येष्ठ नागरिक संख्याः-

**५. अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय/व्यक्ति**

- ज्येष्ठ नागरिक दिवासेवाकेन्द्र/कार्यक्रम कार्यान्वयनमा देखिएका व्यवहारिक समस्या, चुनौती र सिकाईहरुः-
- सुधारका लागि सुझावः-
- अन्य केही भए उल्लेख गर्नेः-

**६. ज्येष्ठ नागरिक मध्ये पनि सवै भन्दा वढी उमेर भएका ज्येष्ठ नागरिकको यस ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रबाट प्राप्त सेवा सुविधाका सन्दर्भमा भनाईः-**

**७. अनुसूचीः**

- अनुगमन प्रतिवेदन,
- साझेदार संस्था भए सो संस्थाको योगदानको प्रमाण,
- कार्यक्रमको तस्बिर र लाभान्वितको भर्पाई सूचीको प्रमाणित प्रतिलिपी,
- अन्य।

सचिव

नेपाल सरकार
महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं